अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश नेपाल

सं.-२०७५/०७६ चलानी नं.

# प्रेस विज्ञप्ति

संघीय राज्यको कार्यान्वयन संगसंगै तीन तहका सरकारहरुबाट आ-आफ्नै तहको आर्थिक ऐनबमोजिम कार्यान्वयन भएको कर प्रणाली र कर/राजश्व/शूल्क/दस्तुर दण्ड वा जरिवानाको विषयलाई लिएर विगत केही दिनयता औपचारिक वा अनौपचारिक, प्रत्यक्ष वा अप्रत्यक्ष, बुझेर वा नबुझीकन सञ्चार माध्यम वा सामाजिक संजाल तरंगित भएको व्यहोरा त जगजाहेर नै छ। कर राजश्वलाई राज्यप्रणालीको एक अभिन्न आम्दानीको श्रोतको रुपमा लिईन्छ। त्यसैले राज्यले तोकेको कर समयमा नै तिर्नु, कर छली नगर्नु, कसैले छली गरेको पाईएमा सम्बन्धित निकायमा जानकारी गराउनु, कर छली गर्न दुरुत्साहन गर्नेलाई सचेत गराउनु हरेक नागरिकको राज्यप्रतिको कर्तव्य हुने कुरामा कसैको दूईमत नरहला। यसर्थ पनि करदाताले आफूले तिर्ने करका सम्बन्धमा सूसूचित हुन पाउनु, करका सम्बन्धमा छलफल गरी सुझाव, समर्थन वा विमति राख्न पाउने नागरिकको अधिकारको अर्जुनचौपारी गाउँपालिका सदैव सम्मान गर्दछ।

निसन्देह छ, राज्यले कर मौरीले फूलबाट रस चुसेजस्तै आफ्ना सेवाग्राहीहरुबाट थाहा नहुने र मर्का नपर्ने किसिमले कर असुल गर्नुपर्दछ। परन्तु नागरिकबाट मर्का परेको गुनासो आउँछ भने सरकारले त्यस सम्बन्धमा समयमै उचित निर्णयमा पुग्न जरुरी हुन्छ। देशभरका स्थानीय तहहरुमा करको दर, क्षेत्र र दायरालाई लिएर सञ्चारमाध्यम र सामाजिक सञ्जालमा व्यापक रुपमा व्यक्त भएका नागरिकको सुझाव र टीका टिप्पणीको उच्च मूल्याङ्कन गर्दै यस गाउँसभाले कर सम्बन्धमा संशोधनसहित निर्धारण गरेका निम्न तथ्यहरु सम्पूर्ण नागरिक र करदाताको सूचनाको लागि यो प्रेश विज्ञप्ति जारी गरीएको छ।

(१) एकीकृत सम्पत्तिकरको बदला भौतिक संरचना भएको जग्गा र संरचनाको सम्पत्तिकर तथा सो बाहेक अन्य जग्गाको भूमिकर(साविककै मालपोत) असुल गर्ने।

(२) सम्पत्तिकरको प्रयोजनका लागि यस गाउँ कार्यपालिकाले प्रचलित बजार मूल्यका आधारमा वस्तुगत रुपमा निर्धारण गरेको गाउँपालिकाभित्रका सडक आसपासका घडेरीयोग्य जग्गाको मूल्याँकनमा पचास प्रतिशत कमले मूल्याँकन गर्ने।

(३) सम्पत्तिकरको प्रयोजनका लागि सम्पत्तिको एकमुष्ठ मूल्यांकनका आधारमा लिईने करको दरलाई समेत गाउँकार्यपालिकाले पेश गरेको दररेटमा पचास प्रतिशत कम कायम गर्ने।

(४) एक आर्थिक वर्षमा सबैभन्दा धेरै कर बुझाउने करदातालाई "वर्षको उत्कृष्ट करदाता" सम्मान प्रदान गर्ने।

**पुनश्च बुँदा नं. २ र ३ को विस्तृत जानकारीका लागि कार्यालयको** Website **मा राखिएको आर्थिक ऐन, २०७५ को सहायताद्वारा स्पष्ट हुन सकिने।**

अन्तमा ,गाउँसभाप्रति हार्दिक सम्मान र आभार प्रकट गर्दै नागरिकस्तरबाट समेत यो कर संकलन र कार्यान्वयनमा उल्लेखनीय साथ र सहयोगको अपेक्षा गर्दछु। धन्यवाद।

अध्यक्ष
दीर्घनारायण अर्याल
दिर्घनारायण अर्याल
अध्यक्ष

## अनुसूची ७
## सम्पती कर प्रयोजनका लागि जग्गा मूल्याङ्कन

**यी सडकसँग जोडिएका घडेरीयोग्य जग्गाहरु :**

| | |
|---|---|
| **मुख्य सडक** | |
| **१. हेलु-आरुचौर सडक** | **प्रति रोपनी (रु)** |
| ठाँडाखेत सीमाना -तीनघरे सम्म | २० लाख |
| तीनघरे-रापाकोट प्रहरी चौकी सम्म | ७.५ लाख |
| रापाकोट चौकी-गाउँपालिका सीमाना सम्म | ५ लाख |
| **२. पुतलीखेत-आरुचौर सडक** | |
| पुतलीबजार सीमादेखि दरौं शिवालय मन्दिर सम्म | १० लाख |
| **३. अर्जुनचौपारी-आग्रीखर्क सडक** | ७.५ लाख |
| **४. मल्काङ्ग-बयाले-पन्चमूल** | ७.५ लाख |
| **५. अर्जुनचौपारी-राम्चे-तालपोखरी** | ५ लाख |
| ६. **अर्जुनचौपारी-नुवारभन्ज्याङ्ग सडक** | २० लाख |
| **वडा सडक** | **प्रति रोपनी** |
| **१. अर्जुनचौपारी-लामडाँडा (वडास्तरीय सडक)** | |
| जिरो-भिकुवाखोला सम्म | २० लाख |
| भिकुवाखोला-लामडाँडा गा.पा. सीमान सम्म | ७.५ लाख |
| **२. अर्जुनचौपारी-दरौं** | ७.५ लाख |
| **भित्री सडक** | |
| गाउँपालिका भित्रका सडक सवै | २.५ लाख |

## अनुसूची ८
म्याद भित्र विवरण दाखिला नभएमा लिईने थप शुल्कको दर

| सम्पत्तीको मूल्याङ्कन | चालु आ.व.भित्र | एक आ.व.नाघेमा | एक देखि तेश्रो आ.व. | तेश्रो आ.व. पछि |
|---|---|---|---|---|
| पाँच लाख सम्मको | २५।- | ५०।- | ७५।- | १००।- |
| पाँच लाख माथी | ३% | ५% | ८% | १०% |

# अनुसूची– ३

## (दफा ४ सग सम्बन्धित)

## सम्पत्ति करको दर

| क्र.स. | कर योग्य एकिकृत सम्पती कर | लग्ने रकम |
|---|---|---|
| १ | रु पाँच लाख सम्मको मूल्याङ्कन | एकमुष्ट रु.७५ |
| २ | रु पाँच लाख देखि बीस लाख सम्म | थप प्रति लाख रु.२५ |
| ३ | रु बीस लाख देखि पचास लाख सम्म | थप प्रति लाख रु.३० |
| ४ | रु पचास लाख देखि १ करोड | थप प्रति लाख रु.४० |
| ५ | रु एक करोड देखि २ करोड सम्म | थप प्रति लाख रु.५० |
| ६ | रु दुई करोड देखि ३ करोड सम्म | थप प्रति लाख रु.७५ |
| ७ | रु ३ करोड देखि ५ करोड सम्म | थप प्रति लाख रु.१०० |
| ८ | रु ५ करोड माथी | (प्रतिलाख थप रु् १५० |

नोट : मूल्याङ्कन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारत हुनेछ ।

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

दिर्घनारायण अर्याल
अध्यक्ष